## 4. Rajdhani daily (Nepali)

# अधिकारवादीद्वारा ऐक्यबद्धता

काठमाडौं/रासस- दण्डहीनता अन्त्यका लागि अन्तरराष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ र यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख, २००२ अनुमोदन गराउन शुक्रबार यहाँ आयोजित सार्वजनिक सभामा ऐक्यबद्धता जनाइयो ।

मानवअधिकार तथा प्रजातान्त्रिक मञ्चद्वारा आयोजित सो सभाका सहभागी वक्ताहरूले दण्डहीनताका कारण देशमा अशान्ति र राजनीतिक अस्थिरता बढेको, घुमफिर गर्नसमेत कठिन भएको, रायमाझी आयोगको प्रतिवेदनमा दोषी ठहऱ्याइएका अपराधीलाई सार्वजनिक नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाउने काम भएको र नेतृत्व तहमा बस्ने व्यक्तिमा सैन्यवादी सोच हावी भएको आरोप लगाए ।

उनीहरूले सो विधान र आलेखलाई नेपाल सरकारले अनुमोदन नगरेसम्म नागरिकका अधिकार सुरक्षित नहुने र भोलि आफैंमाथि अन्याय हुँदा पनि बोल्ने मानिस नहुने भएकाले त्यसलाई पारित गराउन दबाब दिनुपर्नेमा जोड दिए ।

सभामा विधायक रामजीवन सिंह, मानवअधिकारकर्मीहरू सुशील प्याकुरेल, कृष्ण पहाडी र नूतन थपलिया, नागरिक समाजका प्रतिनिधि डा सुन्दरमणि दीक्षित र कानूनव्यवसायीहरू डा शान्ता थपलिया तथा रमणकुमार श्रेष्ठले बोलेका थिए ।

Rajdhani Daily
2064 Jeshta 28
2007 June 09